**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**सुर्खेत, नेपाल**

## औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) कार्यक्रमको लागि शिक्षालय/विद्यालयहरूले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२।०४।२८**

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोश्रो (ENSSURE-II) अन्तर्गत यस मन्त्रालयको बजेटबाट कर्णाली प्रदेशका शिक्षालय/विद्यालयहरु मार्फत २४ महिने अप्रेन्टिशीप कार्यक्रम (औद्योगिक प्रशिक्षार्थी तालिम) सञ्चालन गर्नुपर्ने भएकाले कर्णाली प्रदेशमा रहेका आंगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालित विद्यालयहरुमध्ये चालु आर्थिक वर्षमा यो कार्यकम सञ्चालन गर्न इच्छुक शिक्षालय/विद्यालयहरुले उल्लेखित शर्तका आधारमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सुर्खेतमा मिति २०८२ भाद्र ०३ गते भित्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारी स्वीकृत विषयको विवरण र प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेबसाइट http://mosd.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

**तपसिल**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) बाट स्वीकृत *औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप तालिम) सञ्चालन कार्यविधी* बमोजिम विद्यार्थी छनौट, भर्ना र कार्यक्रम सञ्चालन हुनेछ ।
२. शिक्षालय र उद्योग / व्यवसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाइ विधि अन्तर्गत सञ्चालन हुने अप्रेन्टिशीप कार्यक्रम २४ महिना अवधिको हुनेछ ।
३. कार्यक्रमको २४ महिने अवधि मध्ये १९.५ महिना अर्थात ७८ हप्ता प्रशिक्षार्थीहरुले सम्बन्धित उद्योग व्यावसायमा नै रहेर कार्यस्थलमा आधारित तालिम लिनुपर्ने भएकाले तालिम सञ्चालन गर्ने विषयसँग सम्बन्धित सम्भावित उद्योग / व्यवसाय विवरण प्रस्ताव साथ पेश गर्नुपर्नेछ।
४. अप्रेन्टिशीप तालिम कार्यक्रममा छनौट भई अध्ययन गर्ने प्रशिक्षार्थीहरुले नि:शुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन् । कार्यक्रम सञ्चालन गर्ने शिक्षालय / विद्यालयहरुलाई सञ्चालन खर्च वापत प्रति प्रशिक्षार्थी इकाइ लागतका आधारमा यस मन्त्रालयबाट सञ्चालन अनुदान निकासा हुनेछ ।
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट अप्रेन्टिशीप तालिम कार्यक्रमका लागि स्वीकृत भएका पेशाहरु मध्ये Automobile Engineering मा २० जना, Information Technology मा २० जना , Civil Engineering (Building Construction) मा २० जना, Early Childhood Development Facilitation (ECDF) मा ४० जना, कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्नुपर्नेछ।
६. प्रथम पटक प्रकाशित सुचना बमोजिम प्रस्ताव पेश गरेका विद्यालयहरुले पुनः प्रस्ताव पेश गर्नुपर्ने छैन।
७. तालिम सञ्चालनका लागि एकवटा विषयका लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ।
८. अप्रेन्टिशीप तालिम कार्यक्रमका लागि स्वीकृत विषयहरु मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) बाट प्रि-डिप्लोमा वा डिप्लोमा तहको सम्बन्धन प्राप्त भई नियमित कक्षा सञ्चालन भएको विषयमा मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।
९. परीक्षार्थी भर्ना सम्बन्धी सूचना परीक्षा सञ्चालन र उत्तीर्ण परीक्षार्थीलाई नियमानुसार प्रमाणपत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्रदान हुनेछ ।
१०. तोकिएको समय भित्र दर्ता भएका प्रस्ताव मध्येबाट सामाजिक विकास मन्त्रालयले उपुक्त संस्था छनौट गर्नेछ । प्राप्त प्रस्ताव स्वीकृत गर्ने, आंशिक स्विकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार सामाजिक विकास मन्त्रालयमा रहनेछ ।
११. परियोजनाको तर्फबाट ENSSURE/HELVETAS नेपालले कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग गर्नेछ ।

थप जानकारीका लागि: तुलाराज चौलागाई, अधिकृत आठौँ, सामाजिक विकास मन्त्रालय (९८५८३२२२५५) र नरेश सिंह थारु , प्राविधिक संयोजक, ENSSURE परियोजना सहयोग इकाइ (९८५८०२२६८९)